## वैठक नं २२

मितिः २०८२।०९।१७ गते, बिहिबार, जिल्ला सरकारी वकील कार्यालय, जाजरकोटको कार्यालय सम्बन्धी कामकाजलाई प्रभावकारी बनाउन कर्मचारीको वैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति

श्री नगेन्द्र लम्साल, जिल्ला न्यायाधिवक्ता

श्री डिल्लीराज ज्ञवाली, सहायक जिल्ला न्यायाधिवक्ता

श्री गोविन्द वि.क., नायव सुब्बा

श्री गणेशबहादुर घर्ती, नायव सुब्बा

श्री गीता सुतपराई मगर (घर्ती), सहायक कम्प्युटर अपरेटर

श्री उमेश चन्द, हलुका सवारी चालक

श्री मानबहादुर वली, कार्यालय सहयोगी

श्री निरु खड्का, कार्यालय सहयोगी

श्री दिपक वली, कार्यालय सहयोगी

छलफलका विषयहरू

१) कार्यालय भवन सहितको निवासका प्रत्येक कोठामा रहेका सामाग्रीहरुको विवरण सूची तयार गरी पेश गर्ने सम्बन्धमा ।

२) कार्यालयको मुद्दाको र प्रशासनिक रेकर्ड व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु

निर्णय नं १) प्रस्ताव नं १ का सम्बन्धमा छलफल गर्दा कार्यालय भवन सहितको निवासमा प्रत्येक कोठामा रहेका खर्च भएर नजाने र टिकाउ सामाग्रीहरुको विवरण यकिन गरी नायव सुब्बा गोविन्द वि.क., नायव सुब्बा गणेशबहादुर घर्ती र कार्यालय सहयोगी दिपक वलीले विवरण तयार गरी कार्यालय प्रमुख समक्ष पेश गरी स्विकृत गराई प्रत्येक कोठामा सामाग्रीहरुको विवरण टाँस गर्ने निर्णय गरियो ।

निर्णय नं २) प्रस्ताव नं २ का सम्बन्धमा छलफल गर्दा कार्यालयको मुद्दाको रेकर्ड व्यस्थित गरी अर्धन्यायिक निकाय र अदालतमा दायर भएका मुद्दाहरुको विवरणसँग रुजु गरी, मिसिलमा कागजातहरु अद्दावधिक गरी फैसला भएका मुद्दाहरुको रेकर्ड भिडाई फैसला भएका प्राप्त हुन नसकेका मुद्दाहरुको फैसला सम्बन्धित निकायबाट माग गरी

मुद्दाका रजिष्ट्ररहरु सहित कार्यालयको मुद्दाको व्यवस्थापन रेकर्ड र कार्यालयको प्रशासनिक रेकर्ड दुरुस्त राख्ने निर्णय गरियो । कार्यालयको मुद्दाको, प्रशासनिक र सूचना प्रविधि सम्बन्धी काम कारबाहीको अवस्था र सुधार गर्नुपर्ने विषयमा प्रत्येक महिनाको सात गते भित्र प्रशासन हेर्ने सहायक न्यायाधिवक्ता सहित मुद्दा र प्रशासन शाखाका कर्मचारीहरुले कार्यालय प्रमुख समक्ष सुझाव सहित प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

जिल्ला सरकारी वकील कार्यालय जाजरकोट

२०८२।६।१६